# नेपाल भ्रमण वर्ष २०२० को सचिवालयको लागि भवन भाडामा लिने बारेको सार्वजनिक सूचना

प्रथम पटक प्रकासित मितिः २०७५/१०/१७

नेपाल सरकारले निजी क्षेत्र सहितको सहकार्यमा अभियानको रूपमा घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० को सचिवालयको लागि देहाय बमोजिमको भवन भाडामा लिनु परेको हुँदा घर भाडामा दिन इच्छुक घरधनी व्यक्ती वा संस्थाले यो सूचना प्रकासित भएका मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**देहायः**

(क) **घर आवश्यक भएको स्थान** : काठमाण्डौं जिल्लाको बबरमहल, अनामनगर, पुतलीसडक, कालिकास्थान, कमलादी, नक्साल, टंगाल, दरवारमार्ग, कान्तिपथ, लैनचौर, लाजिम्पाट वा यी क्षेत्रका आसपासका उपयुक्त स्थानहरू ।

(ख) **भाडामा लिन खोजेको घर जग्गाको प्रकृति, क्षेत्रफल र अन्य आवश्यक विवरण** : कम्तिमा ४ हजार देखि बढिमा ६ हजार वर्गफिट क्षेत्रफल भएको भवन । कम्तिमा दश चारपांग्रे र पन्ध्र दुई पांग्रे सवारी साधन पार्किङ स्थल भएको । खानेपानी तथा ट्वाईलेटको राम्रो प्रबन्ध भएको । घरसम्म कम्तिमा ६ मिटर बाटोको पहुँच भएको ।

(ग) **घर भाडामा लिने अवधि** : कम्तिमा एक वर्ष । अर्को डेढ वर्ष सम्म थप गर्न सकिने ।

(घ) **प्रस्ताव दाखिला गर्ने स्थान** : नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौं ।


सदस्य-सचिव
नेपाल भ्रमण वर्ष २०२० कार्यक्रम कार्यान्वयन उपसमिति
**नेपाल भ्रमण वर्ष २०२० को सचिवालय**
नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौं ।
फोनः ४२५६९०९